# नेपालमा प्रजातान्त्रिक आन्दोलन र परिवर्तनहरू

## (Based on Historical Linkage and World Opportunity Structure)

**गुणानिधि शर्मा**

उपप्राध्यापक

रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मी

: sharma.gn1975@gmail.com

**Abstract**

प्रत्येक सामाजिक आन्दोलनहरू सामाजिक संरचना अन्तर्गतका विशिष्ट वर्ग, जातीय, लिंगीय, क्षेत्रीय आदिको पहिचान, मुक्ति तथा यथाअवस्थामा परिवर्तनका लागि भएका हुन्छन् । सबैको अन्तरवस्तु र अन्तरसम्बन्ध राजनीतिक सत्तासँग जोडिएको हुन्छ । J.R. Gusfield (1970) ले भने जस्तै विशिष्ट मुद्दाहरूमा व्यक्ति तथा समुदायको एक हिस्साले आफ्ना साझा मागहरू, आपसी आस्था वा विश्वासका आधारमा सामूहिक रूपमा उठाएका हुन्छन् । त्यसको समाधान राजनीतिक सत्ताद्वारा खोजिन्छ । Craig Calhoun (1993) को विश्लेषणमा उन्नाइसौं शताब्लदीको पूर्वाद्ध देखि 1960's अर्थात् 1970's को दशक सम्म नवीन सामाजिक आन्दोलन (New Social Movement) का रूपमा उठेका कार्ल मार्क्सको वर्ग द्वन्द्व तथा मजदूरको सवाल, युरोप तथा अमेरिकामा उठेका महिलावादी-आन्दोलनले समाजको परिवर्तनका लागि राजनीतिक रूपान्तरणको माग गरे । नेपालमा 1990 तथा 2006/07 को जनआन्दोलन पनि New Social Movement को विश्वप्रणालीको पृष्ठभूमिको आडमा विकसित आन्दोलन थिए । किनभने संघीय गणतन्त्रको माग भित्र आदिवासी जनजाति, मधेसी, महिला, दलित, पिछडिएको वर्ग र क्षेत्रको पहिचान र संरक्षणका लागि पनि प्रजातन्त्रको लागि भएको राजनीतिक आन्दोलनलाई व्यापक जनसमर्थन रहन गयो । निरन्तर सामाजिक परिवर्तन र रूपान्तरणसँग जोडिएको लामो इतिहासलाई यस लेखमा देखाउन खोजिएको छ । तर प्रत्येक सामाजिक आन्दोलनहरू, राजनीतिक ध्रुवीकरणको प्रभावमा पर्दा विशिष्ट एजेण्डाहरू छायाँमा परेका छन् कि भन्ने यो लेखमा प्रश्न उठान भएको छ ।

***Key-words :*** Social movement, revolution or movement, identity politics, comparative historical analysis, structure of democracy

## प्रजातन्त्रसँग जोडिएको इतिहास

नेपालका शासन प्रणालीहरू धेरै आरोह अवरोहहरूका ऐतिहासिक परिघटनाहरू हुन्। आधुनिक नेपालको एकीकरण हुनु पूर्वको नेपालको इतिहास केही एकता र केही विभाजित कालखण्डको रूपमा गुज्रेको देखिन्छ। इतिहासलाई अध्ययन गर्दा ८८० भन्दा अगाडि विभिन्न प्राचीन राजतन्त्रका वंशहरूले शासन संचालन गरे। जसमा गोपाल वंश, महिषपाल वंश, किराँत वंश, लिच्छवि वंश, ठकुरी आदिको शासन काल रहन गयो। इतिहासको माध्यमिक कालखण्ड भने विभाजनयुक्त राज्य प्रणाली तर्फ अभिमुख भएको छ। राज्य रजौटाहरूको जन्मले (Princely sates) राज्यको सिंगो सार्वभौमिकता तहसनहस भएको अवस्था थियो। एकीकरणको लागि कर्णाली, पाल्पा, गोर्खा, काठमाडौं उपत्यकाका राजाहरूले प्रयास गरे पनि असफल रहे। ऐतिहासिक युगको एक कालखण्डमा गोर्खाका राजा पृथ्वीनाराण्ण शाहले पूरानो अनुभवलाई ग्रहण गर्दै 1742 पछि सफल बने। महारानी राजेन्द्र लक्ष्मी, बहादुर शाह र भीसमेन थापाले पृथ्वीनारायण शाहको एकीकरण अभियानलाई साथ दिँदै नेपाल राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान दिए (Chettri, & Raymajhi, 2060) एकीकरणकै दौरानमा राज्य शासकीय संरचनामा मजबूत नभैसकेको अवस्थामा यसले बेलायती साम्राज्यवाद जो भारतमा उपनिवेश कायम गरेर बसेको थियो, त्यसको समेत नेपालले सामना गर्नु पर्‍यो। (Husain, 1970) नेपालले आन्तरिक र बाह्य सार्वभौमिकताका लागि राज्य स्वयं आन्दोलन वा युद्धको दौरानमा रहेको सन्दर्भमा शासकीय परिवर्तन तथा सामाजिक रूपान्तरणका हिसाबले आधुनिक एकीकृत नेपालको शुरुवात सँगैको आन्दोलनलाई हामी जोड्न सक्दछौं। वर्गको आधारमा राणा कालमा भएको शोषण उत्पीडन विरुद्ध र नागरिक अधिकारका लागि भएको क्रान्तिसम्म सामाजिक आन्दोलनको इतिहास स्तब्ध र सुसुप्त देखिन्छ। शासनका हर्ताकर्ता साहसिक नेतृत्वहरू तथा कुलीन वर्गको नेतृत्व र उनीहरूको फ्रेमवर्क भित्र समाज परिवर्तन र रूपान्तरण हुँदै गयो। 1950 को प्रजातान्त्रिक आन्दोलनमा आइपुग्दा यो केही सिद्धान्तीकृत गर्ने संघारमा आएको देखिन्छ। नेपाली समाजको विकास क्रम र राजनीतिक परिवर्तनलाई जोडेर हेर्नु पर्ने हुन्छ। यसबाट 2006/07 को दोस्रो जनआन्दोलन, संघीय गणतन्त्रको निर्माण सम्म आइपुग्दा धेरै एजेण्डाहरू इतिहासबाट जोडिँदै, दक्षिण एशियाको आन्दोलनको प्रभावसँगै यो विकास हुँदै गयो। आन्दोलनको अवसरवादी संरचना (Opportunity structure) भित्र रहेर पनि सिँगो नेपालको राजनीतिक परिवर्तनको आन्दोलन पनि अगाडि बढ्यो भने विभिन्न दलित, महिला,

जनजाति, मधेशी आदिको पहिचानको आन्दोलनमा समेत अवसरवादी संरचनाको प्रभाव देखियो ।

## प्रजातन्त्रको अर्थ र अभ्यास

> The establishment of a viable democracy in a nation is no longer seen at the product of higher levels of modernization, bourgeois class structure, tolerant cultural values and economic independence from external actors. Instead, it is seen more as a product of strategic interactions and arrangements among political elites, conscious choices among various types of democratic constitutions, and electoral and party system. (Shin, 1994-p. 138-9)

विद्वान् Shin को भनाइलाई केन्द्रमा राखेर अहिलेको र इतिहासमा अभ्यास हुँदै आएको प्रजातन्त्रको बारेमा चर्चा गरौं । वास्तविक प्रजातन्त्र भनेको इतिहासमा अभ्यास हुन सक्यो वा सकेन ? विभिन्न क्रान्ति, आन्दोलन, बहसका रूपमा स्थापना गरिएको वास्तविक प्रजातन्त्र अथवा साध्यपूर्ण प्रजातन्त्र (viable democracy) विश्व प्रणाली भित्र देखियो या देखिएन ? प्रजातन्त्रको उपजको रूपमा उच्च तहको आधुनिकीकरणको अनुभूति, मध्यम वर्गीय संरचनाको प्रतिनिधित्व, सबै सामाजिक-सांस्कृतिक मूल्यको उत्थान, स्वतन्त्र आर्थिक उन्नति जस्ता कुराहरू देखिएनन् जो वास्तविक प्रजातन्त्रलाई उन्नत बनाउने कुराहरू हुन् । बरु यो उच्च कूलीन राजनीतिक वर्ग, विभिन्न वर्गीय प्रजातान्त्रिक संघ संस्थाहरू, मतदाता तथा निर्दिष्ट राजनैतिक दलहरूको रणनीतिक तथा प्रबन्धयुक्त अनुकूलतामा प्रजातन्त्रको स्थापना अभिमुखीकरण भएको देखियो ।

आजभन्दा पच्चीस सय वर्ष पहिले अर्थात् ईशा पूर्व पाँचौ शताब्दीमै Greek हरूले वास्तविक प्रजातन्त्रको अभ्यास गरे । Athens, Sparta, Thebes, Troy आदि जस्ता साना-साना नगर राज्यहरूमा (City states) भूगोल, जनसंख्याको हिसाबले, राजनीतिक, आर्थिक, प्रशासनिक हिसाबले अनुकूल र सहज बनाइएको हुनाले राज्यमा नागरिकको सहभागिता देखिन्थ्यो । कतै सैनिकतन्त्र, कतै अनुदारवादी व्यवस्था भएतापनि प्रजातन्त्रको अभ्यास गर्ने प्रतिनिधि राज्यको रूपमा Athens लाई लिइन्छ । ती राज्यहरूमा नागरिकको परिभाषा भने संकुचित थियो । राज्यमा विदेशी, केटा-केटीहरू, वृद्ध-वृद्धाहरू, दासहरू, महिलाहरूलाई

क्रियाशील नागरिक वर्गमा नपरेपछि नागरिकहरूको संख्या सीमित भयो । नागरिकहरूलाई राजनीतिक, आर्थिक, प्रशासनिक अधिकारहरू थियो । नगर राज्यको भेलामा सबै सहभागी हुन पाउँथे । खुलेर छलफल गर्थे । सार्वजनिक नीति माथि छलफल गर्ने, सार्वजनिक पदाधिकारी नियुक्ति गर्ने, प्रमुख छान्ने, कर उठाउने आदि शासन प्रणालीका नीति निर्माण तथा कार्यान्वयनका क्षेत्रमा प्रत्यक्ष सहभागी हुने वातावरणले वास्तविक प्रजातन्त्रको अभ्यास जस्तो देखिएको हो । Plato, Aristotle हरूका आदर्श राज्य, आदर्श प्रजातन्त्र भित्र तत्कालीन सामाजिक संरचनाको प्रतिबिम्ब छर्लङ्ग देखिन्छ ।

## सामाजिक संरचना र प्रजातन्त्र (Social Structure and Democracy)

कहिलेकाहीँ अनुसन्धानकर्ता विद्वानहरूमा प्रजातन्त्रले सामाजिक परिवर्तन सम्भव तुल्याएको हुन्छ कि सामाजिक संरचनाले प्रजातन्त्रको स्वरूपलाई निर्माण गर्दै लैजान्छ भन्ने कुरा भिन्न मत (Dichotomy) को रूपमा देखिन्छ । निगमनात्मक विधि (Deductive method) प्रयोगकर्ताहरूले प्रजातान्त्रिक राज्य स्वरूपको निर्माण पछि इकाइहरूको विकास र परिवर्तन हुने कुरा गर्दछन् । Plato ले आदर्श प्रजातन्त्रको नेतृत्व दार्शनिक वर्गलाई दिएपछि शिक्षा, न्याय, समाज परिवर्तनको साध्यहरू प्राप्त हुँदै जाने कुरा राखे । उनको विचार तत्कालीन सामाजिक संरचनाबाट निर्माण भयो । प्रजातन्त्रको अभ्यास सीमित सामाजिक वर्गद्वारा संचालन गर्ने प्रयास भयो । अरस्तुले गुरुकै पद्धति जस्तो अनुसरण गरे । यद्यपि विचारमा केही भिन्नता देखाउन खोजिएको छ । शासनको वर्गीकरण र संविधानको निर्माणमा Aristotle ले ऐतिहासिक र तुलनात्मक विधिको प्रयोग गरे ।

मुगल साम्राज्यको लामो संघर्षमा नन्द वंशको वागडोर चन्द्र गुप्त मौर्यको शासनमा रूपान्तरण हुनु, नेपालको इतिहासमा शाह वंशको हातबाट राणाहरूले वागडोर खोसेर शासन गरेको कुरा सामाजिक प्रजातान्त्रिक आन्दोलनमा धेरै ठूलो महत्व नराख्न सक्दछ । कानूनी सत्ता तथा शासन प्रणालीको संरचना परिवर्तन हुँदा त्यसले महत्व राख्दछ । प्रजातान्त्रिक परिवर्तनहरूमा जनसहभागिता महत्वपूर्ण कुरा हो । प्रजातन्त्रका लागि गरिएका सामाजिक आन्दोलनहरूले कुन खालको प्रजातन्त्रको स्थापना गर्‍यो र त्यसले के सामाजिक संरचनामा परिवर्तन ल्यायो वा ल्याएन भन्ने हो । राणा शासन विरुद्ध क्रान्ति भयो । जनताले समर्थन दिए । प्रजातन्त्र स्थापना भयो । जनताले स्वतन्त्रता प्राप्त गरे । शिक्षा, संचारमा विकास हुन लाग्यो । संघ संस्थाहरू खुले । राजनीतिक, आर्थिक, सामाजिक गतिविधिहरू बढे । बन्द समाजबाट खुल्ला समाज निर्माण भयो । परिवर्तन देखा परेको सबैले महसुस गरे । तर वास्तविक प्रजातन्त्रमा

(Viable democracy) सामाजिक संरचनाको प्रभाव उस्तै देखिन्थ्यो । Elite group अर्थात् उच्च राजनीतिक शील्पकारको फ्रेमवर्क भित्र प्रजातन्त्रको बागडोर केन्द्रित हुन पुगेको थियो । तीसवर्षे पंचायती प्रजातन्त्रको निरंकुशताको विरुद्ध नागरिक स्वतन्त्रता र न्यायका लागि प्रथम जनआन्दोलन भयो । प्रजातन्त्र पुनस्थापना भयो । 2062/063 को जनआन्दोलनले नेपालमा गणतन्त्रको स्थापना गऱ्यो । राजनैतिक दलहरू जन्मे । राजनैतिक दलहरू भित्र पनि पुन Elite समूहहरू जन्मे । शील्पकारहरूको फ्रेमवर्क भित्र आन्दोलन/जनयुद्ध उठान भए, समन भए र संघीय गणतन्त्रको नेतृत्व त्यही वर्गमा केन्द्रित रह्यो । मधेशीहरू न्याय र मुक्तिका लागि आन्दोलित थिए, दलित, महिला, जनजाति सबैले आफ्ना एजेण्डाहरू अगाडि सारे । आन्दोलनलाई उचाइमा पुऱ्याए । राजनीतिक अभियान मार्फत राजनैतिक दलहरूले ति सबै समाधान गर्ने वाचा पनि गरे । राजनीतिक ध्रुविकरण भयो । परिणामत: पछि परेका वा पछाडि पारिएका वर्ग, समुदायहरूको पहिचानको राजनीतिमा सीमित भएको छ । एजेण्डाहरू यथावत् छन्, आरक्षणबाट ती समुदाय भित्रका शील्पकारहरू शासकीय हिस्सेदारीमा केन्द्र देखि स्थानीय तहसम्म समेटिएपछि सामाजिक परिवर्तनका एजेण्डाहरू ओझेलमा परेका छन् । राजनैतिक दलहरू, शासन सत्तामा नव भर्ष्तिभ हरूको प्रवेश भैरहेको छ । साध्यपूर्ण (Viable democracy) प्रजातन्त्र भन्दा अनुकूलता बमोजिम प्रजातन्त्र विकास भैरहेको देखिन्छ । 1950 सालको प्रजातन्त्रमा सामाजिक संरचना भित्र पहिचान तथा समुदायको एजेण्डाको राजनीति स्पष्ट थिएन । वर्तमान सामाजिक संरचनाका राजनैतिक तथा गैर राजनीतिक तत्वहरू (political / non-political components) को उपस्थिति प्रजातान्त्रिक सत्ता भित्र समेटिएका छन् । वर्गीय, जातीय, लिंगीय (gender) मुद्दाहरू अगुवाहरूको शासकीय हिस्सेदारी आरक्षणसँगै कमजोर बनेका छन् ।

युरोप तथा अमेरिकी गोलार्द्धमा प्रजातन्त्रको विकासलाई स्वतन्त्र एवम् निरपेक्ष मानिन्छ । यद्यपी क्रिश्चियानिटी भित्र यसको गति निर्धारण गर्ने प्रयत्न हुन सक्छ । भारत, श्रीलंका, नेपाल लगायत दक्षिण एशियाको प्रजातन्त्रको विकास क्रममा विविधतापूर्ण सामाजिक संरचनाको ठूलो प्रभाव छ । यसमा धर्म, संस्कृति, वर्णव्यवस्था, जाति व्यवस्था, क्षेत्रीयता, वर्ग, लिंग सबै विशिष्ट प्रकृतिका भएका र सबैले प्रजातन्त्रको स्थापनामा योगदान पुऱ्याएको सन्दर्भमा पहिचानबाट या हिस्सेदारीबाट मूल्य खोजिरहेका हुन्छन् । भारतीय स्वतन्त्रता र अम्वेडकरको मुद्दा होस् वा वर्तमान भाजपाका मुद्दाहरू हुन्, नेपालका मधेसी, दलित, आदिवासी, महिला, कर्णाली आदिका मुद्दाहरू सामाजिक संरचनाकै उपज हुन् । यसको सोझो प्रभाव प्रजातन्त्रमा पर्छ । निरपेक्ष प्रजातन्त्रको विकास सम्भव छैन । वृहद दृष्टिकोण (Macro perspective) तथा दीर्घकालीन

ऐतिहासिक उपागम (Long term historical perspective) बाट हेर्दा अथवा विश्व प्रणाली (world system approach) बाट हेर्दा स्थानीय घटना र संरचनाहरूले विश्व प्रजातन्त्र (world/universal democracy) को विकासमा प्रभाव पारिरहेको देखिन्छ । यहाँ हरेक देशका प्रजातन्त्रलाई सामाजिक संरचनाले निर्दिष्ट गरेका हुन्छन् । Global Democracy लाई Anti-theoretical perspective बाट हेर्नुपर्ने देखिन्छ । प्रजातन्त्रको परिभाषा विश्वव्यापीबाट shifting भएर स्थानीय करण (Localization of democracy) भएको मान्न सकिन्छ ।

**प्रजातन्त्रको अभ्यास र अनुभव (Empirics of Democracy)**

नेपालमा प्राचीन शासन प्रणालीका स्वरूपहरू प्राग् विश्वमा छरिएका राज्य रजौटा जस्तै परम्परागत र अनुदारवादी नै रहेका देखिन्छन् । प्राचीन राज्य व्यवस्थाहरू मध्ये लिच्छवि शासन संरचनालाई समृद्धिका दृष्टिले स्वर्णीम काल खण्ड मानेता पनि प्रजातान्त्रिकरणको अभ्यास तथा अनुभव भने धेरै पछि नै विकास भयो । यद्यपी शाणा शासनको उत्तरार्द्ध 1930 को दशमा राणा विरोधी अभियानको रूपमा शहर तथा शिक्षित राजनीतिक वर्गको सानो इकाइमा प्रजातन्त्रको आवाजको विजारोपण भएता पनि यसको सानो अभ्यासको शुरुवात भने राणा शासनको अन्त्यसँगै 1950 मा प्रजातन्त्रको उदयसँगै हुन पुग्यो । दोस्रो विश्वयुद्ध पछि विकास भएको दक्षिण एशिया र विश्वको राजनीतिक विकास क्रममा देखिएको नवीन धारहरूको तरंगले नेपाललाई पनि प्रभावित गर्दै थियो । दक्षिण एशियाका छिमेकी शक्तिशाली राज्यहरू भारत तथा चीनमा उपनिवेश विरुद्ध तथा जनमुक्तिका लागि भएका आन्दोलनहरू सफल भएपछि राणाहरू कमजोर बनेका र त्रिभुवन नेतृत्वको शाह परिवार र प्रजातन्त्रवादी शक्तिहरू बीचमा उर्जा प्राप्त भएको हुँदा 1950 को प्रजातन्त्र स्थापना सफल भएको देखिन्छ । राणाहरू बीचमा अन्तर विभाजन र कलह एवम् भारतीय स्वाधीनता आन्दोलनको मुख्य पृष्ठभूमिमा नै सय वर्ष भन्दा बढी लामो राणा शासनको अन्त्य भएको हो । राणा शासनको वैधानिकता, शक्ति र विशेषाधिकारको शासकीय संरचना भारतकालीन ब्रिटिश सत्ता नै प्रमुख रहेकोमा उपनिवेशको अनुपस्थितिबाट प्रजातन्त्रको लागि अनुकूल परिणाम उत्पन्न भयो ।

Huntington (1992) ले भने जस्तै प्रजातन्त्रको तेस्रो धारको विजारोपण 1970 को दशकपछि भएको भनिए पनि उन्नाइसौं शताब्दीको उत्तरार्द्धमा विकास भएको पहिलो र दोस्रो विश्वयुद्धसँगै विकसित दोस्रो धारमा विश्व प्रणालीको प्रजातन्त्रको विकासक्रमलाई बनाइएको छ । दोस्रो धारको प्रभावको रूपमा 1950 को प्रजातन्त्रको स्थापनालाई लिन सकिन्छ । यद्यपि नेपालको प्रजातान्त्रिक अभ्यासलाई न शून्यवादबाट (Nihilism) न त कुनै सैद्धान्तिक आधारमा

परिभाषित गर्न सकिन्छ । दोस्रो विश्वयुद्धको अन्त्यसँगै विकास भएको प्रजातन्त्रको Macro-level structure का रूपमा हेर्न सकिन्छ । तत्कालीन प्रजातन्त्रको अभ्यासमा कुनै जाति, लिंग, जनसांख्यिक, भौगोलिक, इकाइहरूको भूमिका वा प्रतिनिधित्व देखिएन । प्रजातन्त्रले लामो इतिहास (Long history) र समकालीन राजनीतिक हर्ताकर्ता (political fixer)बाट यसको निरूपण भयो ।

राजा त्रिभुवनको घोषणामा संविधान सभाको निर्वाचन तथा गणतन्त्रको गन्ध देखिए पनि विश्व प्रणाली (World perspective) बाट हेर्दा अमेरिका, बेलायत, भारतले नेपालमा गणतन्त्र भन्दा उदार तथा लचिलो राजतन्त्र अन्तर्गतको प्रजातन्त्र स्थापित गराउन चाहान्थे र त्यस्तै भयो । चिनियाँ क्रान्तिले (Chinese revolution) ले 1949 मा जनवादी गणतन्त्रको स्थापना गरिसकेको थियो । बेलायतले दक्षिण एशिया (भारत) बाट हात झिकेको परिस्थितिमा शक्ति शून्यता (power vacuum) को चिन्ता भएको अवस्थामा चीनमा साम्यवादी सरकारको आगमन हुनुले राजनीतिक शक्ति संरचनाहरू सशंकित बन्न पुगे । प्रजातन्त्रको अनुदार संरचनालाई स्वीकार गरियो । नेपालको सन् ज्ञढछढ को आम निर्वाचनले पश्चिमी प्रजातान्त्रिक अभ्यासको अनुकरण गर्ने अवसर प्रदान गऱ्यो । संसदीय प्रजातन्त्रको निर्वाचनमा ग्रामीण किसान वर्ग देखि लिएर शहरिया कुलीन वर्गहरू समेतको सहभागिता रह्यो । राणा विरुद्धको आन्दोलनमा सशक्त खटिएको नेपाली कांग्रेसले कूल ज्ञण्ढ सीट मध्ये 74 सीटको व्यापक जीत हाँसिल गऱ्यो । नेपाली कांग्रेसको दुइतिहाइको प्रथम निर्वाचित प्रजातान्त्रिक सरकारले प्रजातान्त्रिक अधिकारहरूलाई संस्थागत गर्दै भूमि तथा सामाजिक न्याय सम्बन्धी केही लोकप्रिय कार्यक्रमहरू घोषणा गऱ्यो । तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला र राजा महेन्द्रका बीचमा असहज सम्बन्धका कारण महेन्द्रले शाही विद्रोह (Royal Coup) गरी संविधानको संकटकालीन धाराको प्रयोग गरेर सरकार विघटन गरे, राजनैतिक दलहरू माथि प्रतिबन्ध लगाए र निरंकुश शैलिद्वारा सत्ताको बागडोर हातमा लिए । तत्कालीन भारतीय प्रधानमन्त्री नेहरूले असन्तुष्टि प्रकट गर्दै राजाको कदमलाई setback of democracy को रूपमा उद्घोष गरेका थिए । सन् 1960-61 देखि 1990 सम्म करिब तीस वर्ष कुलीन वर्गीय निरंकुश पंचायत शासन प्रणाली (Autocratic panchayat system) चल्यो । राजाको कदमले Macro-level democratic structure लाई तहसनहस पाऱ्यो । महेन्द्रकालीन कुटनैतिक सम्बन्धहरू जनवादी गणतन्त्रसँग नजिक रहेकोमा भारत समेत पश्चिमाहरू असन्तुष्ट देखिए । राजा विरेन्द्रको आगमन अर्थात् 1980 को दशकपछि पंचायती प्रजातन्त्रमा केही लचकता र दक्षिण, पश्चिमसँगको उदार कुटनैतिक सम्बन्धको शुरुवात भएको देखिन्छ ।

प्रजातन्त्रको तेस्रो धारको प्रभाव स्वरूप हुन सक्छ । पंचायती निरंकुशता भित्र शासकीय उदारता स्वरूप Micro level मा केही प्रजातान्त्रिक संस्थाहरूमा नयाँ अभ्यास गरियो । जनमत संग्रह (Referendum) को परिदृष्यमा विद्यार्थी संघ, संगठनहरू (स्व.वि.यु.) लाई क्रियाशील हुन दिइयो । वर्गीय संगठनको आधारमा राजनैतिक अभ्यास (जस्तै प्रजातान्त्रिक र जनपक्षीय उम्मेदवार), निर्वाचन अभ्यासहरूले विस्तारै अनुमति पाएको देखियो । व्यापक दृष्टिकोणबाट (Macro perspective) अवलोकन गर्दा 1990 को जनआन्दोलन र प्रजातन्त्रको पुनस्थापना आन्तरिक आर्थिक सामाजिक, राजनैतिक नैतिक कारणहरू भए पनि विश्व प्रणालीमा देखिएको धारको समेत पूर्ण प्रभाव देखिन्छ । जनआन्दोलनले पुनस्थापित गरेको प्रजातन्त्रको अभ्यासमा ठूला राजनैतिक दलहरूको रूपमा नेपाली कांग्रेस, ने.क.पा. एमाले, रा.प्र.पा., नेपाल सद्भावना पार्टी लगायत मधेशवादी दलहरू क्रियाशील भए । गैर सरकारी संस्थाहरूको उपस्थिति ह्वात्तै बढ्यो । विकास दृष्टिकोणसँग जोडिएर समुदाय केन्द्रित कार्यक्रमहरू बढेर गए । दक्षिण एशियाका राज्यहरू समेत युरोप-अमेरिकी देशहरू पनि यस परिवर्तनलाई मान्यता दिँदै गए । किन कि यो राजनीतिक-सामाजिक परिवर्तन पश्चिमी उपरवादी पुँजीवादी प्रजातन्त्रीकरणको, प्रतिबिम्ब थियो । उत्तरी छिमेकी मित्र चीनको नेपालको परिवर्तनप्रति कुनै प्रतिक्रिया रहेन, बरु, समर्थन र सहयोग रहँदै गयो । सन् 1991 को प्रजातान्त्रिक निर्वाचनपछि नेपाली कांग्रेसले बहुमत प्राप्त गऱ्यो भने दोस्रो ठूलो राजनैतिक दल प्रतिपक्षको रूपमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) रहन गयो । कांग्रेसले आन्तरिक गुटबन्दीलाई व्यवस्थापन गर्न सकेन । पूरा अवधि शासन नगर्दै मध्यावधि निर्वाचनमा गयो । मध्यावधि पछि कुनै राजनैतिक दलहरूले पूर्ण बहुमत ल्याउन नसकेपछि प्रजातन्त्रको अभ्यास माथि त्रिशंकु संसदको (Hung parliament) अवस्था लामो समयसम्म रह्यो । आफ्ना मागहरूको सम्बोधन नभएको भन्दै प्रजातन्त्रको उदयसँगै क्रियाशील भएका क्रान्तिकारी धारका नेता कार्यकर्ताहरूले ने.क.पा. माओवादी पार्टी स्थापना गरी जनविद्रोह/जनयुद्धको उद्घोष गरेर जंगल पसे पछि नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक-सामाजिक विकास क्रममा नयाँ अध्याय शुरु भयो । देशको राजनीति र सत्ता परम्परागत राजावादी शक्ति तथा दलका ठालू वर्गहरू (political fixer) को हातमा प्रजातन्त्र मूल्य मान्यता विहिन बन्यो । सत्ता लोलुप, पदीय भागवण्डाको संस्कृति द्वन्द्वछ को संविधान नबन्दासम्म तीव्र बन्यो । एकातिर त्रिशंकु संसद र अर्कोतर्फ माओवादी जनयुद्धको दवावमा परेका राजनैतिक दलहरूले जनता र देशलाई प्रजातन्त्रको उपलब्धि दिन सकेनन् । दरबार हत्याकाण्ड पछि राजा ज्ञानेन्द्रको सत्ता संचालनको विधि प्रजातन्त्रका लागि बाधक बन्ने संकेत देखिए पछि जनता समेत दलहरू असन्तुष्ट भए र 2006/07 को दोस्रो आन्दोलन भयो । जनयुद्धमा रहेको माओवादी पनि गणतन्त्र स्थापनाको सर्तमा राजनैतिक पार्टीहरू र नागरिक

समाजसँग एक्यबद्धता गर्दै संयुक्त आन्दोलनमा समाहित भयो । द्दण्ण्ड मा पहिलो संविधान सभाको निर्वाचन गरियो । राजतन्त्रको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको घोषणा भयो । अन्तरिम संविधान मार्फत् देशको शासन सत्ता संचलान गरियो । पहिलो संविधान सभाको असफलता पछि 2013 मा दोस्रो संविधान सभाको निर्वाचन भयो । यसले संरचनागत रूपमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी गऱ्यो । ने.क.पा. (एमाले) र ने.क.पा. माओवादी बीचको पार्टी एकीकरण भएपछिको संघीय निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टीले व्यापक बहुमत प्राप्त गरेर शासन संचालन गरेको अवस्था छ । नेपाली कांग्रेस प्रतिपक्षीको भूमिकामा रहेको छ ।

यस क्रममा प्रजातान्त्रिक अभ्यासले सामाजिक सवालहरूलाई पनि प्रतिबिम्बित गऱ्यो । दलित आन्दोलनहरू, जनजाति आन्दोलन, महिला आन्दोलनहरू, मधेशवादी आन्दोलनहरू, सुदुर पश्चिम कर्णालीका आवाजहरूले जनसांख्यिक, भौगोलिक तथा आर्थिक सामाजिक न्यायको कुरालाई स्थापित गर्दै गऱ्यो । राजनीतिक आरक्षणहरू सृजना भएका छन् । कमैया मुक्ति, छुवाछूत विरुद्ध कानूनहरूमा सुधार, वैवाहिक एवं पारिवारिक सम्बन्ध सुधारका कानुनहरूको कारण परम्परागत सामाजिक संरचनाहरूमा समेत प्रभाव पार्न सक्ने र परिवर्तन गर्ने कुराको संकेत देखिएका छन् ।

**क्रान्ति वा आन्दोलनको उपज प्रजातन्त्र : अन्तर्राष्ट्रिय प्रभाव Based World System/ Comparative History**

अन्तर्राष्ट्रिय शक्ति सन्तुलनको इतिहासमा प्रजातान्त्रिकीकरणको अभ्यासहरू World systematic approach का सन्दर्भमा धेरै पृथक देखिँदैनन् । विकसित राज्यहरूमा प्रजातन्त्रको क्रान्तिको आधार र साना तथा अविकसित राष्ट्रहरूमा क्रान्तिका आधारहरू केहि विशिष्टीकृत (Contextualized) चाहिँ अवश्य हुन्छन् । Karl Marx को विचारमा विश्वका सबै मजदूरहरू एकतृत भएर क्रान्ति गर्ने हुनाले उनले विश्वलाई नै समग्र क्रान्तिको एकल इकाइका रूपमा हेरेका छन् । उनले विश्व व्यवस्था दृष्टिकोणबाट परिभाषा गर्न खोजे । Moore को भनाइ यस्तो छ -

"The fact that smaller countries depend economically and politically on big and powerful ones means that the decisive caused of their politics lie outside their own boundaries (1966)"

अन्तर्राष्ट्रिय सन्दर्भमा कुरा गर्दा साना तथा अविकसित देशमा प्रजातन्त्रको लागि हुने क्रान्तिहरू बढी आर्थिक, राजनीतिक कारणले ठूला राष्ट्रहरू माथि भर परेर भएका देखिन्छन् । साना देशहरूमा उत्पन्न केहि क्रान्तिहरू आकस्मिक पनि हुन्छन् । तर दीर्घकालसम्म संक्रमण रहिरहने हुन्छन् । नेपालमा प्रजातन्त्रको क्रान्ति भएको सात दशक (on the basis of 1950 revolution) हुँदा सम्म राजनीतिक, सामाजिक संक्रमणबाट मुक्त भएको छैन । पंचायत पछि कै गणना गर्ने हो भने पनि प्रजातान्त्रिक काल ञढढण पछि पंचायत काल खण्ड जति तीस वर्ष पुगिसक्दा पनि देश राजनीतिक संवैधानिक संक्रमण मै देखिन्छ । शक्तिशाली राष्ट्रहरूमा हुने क्रान्ति भने त्यसको निर्णायक कारणहरू आफ्नो सिमा क्षेत्र भन्दा बाहिर गएको पनि देखिन्छ ।

Skocpol को भनाइमा हरेक क्रान्तिहरूलाई अन्तर्राष्ट्रिय सन्दर्भसँग जोड्नु पर्छ । प्राय: अन्तर्राष्ट्रिय क्रान्तिहरू सैनिक, आर्थिक प्रतिस्पर्धामा पछि परेको कारणले पनि भएको देखिन्छ । उनी भन्छिन् -

"…modern social revolutions like the French, Russian and Chinese have invariably occurred in countries caught behind move, economically developed competitor nations" (Skocpol, 1979)

सैद्धान्तिक धरातलमा रहेर हामीले 1990 र 2006 को प्रजातान्त्रिक परिवर्तनहरूलाई लिन सकिन्छ । अन्तर्राष्ट्रिय सन्दर्भसँग जोडेर नै धेरै विद्वानहरूले यसलाई हेर्ने प्रयास गरेको देखियो । दुवै आन्दोलनहरू (1990 / 2006) का आन्तरिक कारणहरू भए पनि त्यस अघि र पछिका प्रभावमा अन्तर्राष्ट्रिय सन्दर्भमा देखिएका विचारधारात्मक, राजनीतिक, सामाजिक, आर्थिक आदि तत्वहरूको ठूलो प्रभाव छ । दुई ठूला छिमेकी भारत र चीनको बीचमा रहँदा र ती राष्ट्रहरू क्षेत्रीय एवं विश्वको शक्तिराष्ट्रको रूपमा उदय हुने क्रममा रहेको अवस्थामा नेपाल कुटनैतिक, सामाजिक दृष्टिले केन्द्रमा रहेको छ । नेपालले विश्व वित्तीय संस्थाहरू तथा देशहरूबाट भारी मात्रामा ऋण र विभिन्न अनुदान सहायताहरू लिएको छ । जसको कारण नेपालको विचारधारा राजनीति, संविधान, वित्तिय नीतिहरू र अन्य संस्थाकरणमा दृष्य वा अदृष्य रूपमा अन्तर्राष्ट्रिय हस्तक्षेप/प्रभाव परिरहेको हुन्छ । यिनकै कारण प्रबुद्ध वर्गहरू, मिडियाहरू आदिमा विवाद ल्याउने, नयाँ सवालहरू सृजना गरेको देखिन्छ । पुँजीवादी विश्व प्रणालीको सन्दर्भमा कुरा गर्दा पनि क्रान्ति र परिणाममा थुप्रो निर्भरता कायम भएको हुन्छ । अन्तर्राष्ट्रिय प्रभाव वा हस्तक्षेपको कुरा गर्दा यसमा शक्तिशाली राष्ट्रहरूको मात्र नभै कम शक्तिशाली राष्ट्रहरूको पनि नीति निर्माणमा सामाजिक-सांस्कृतिक मूल्य रूपान्तरणमा अन्तर्राष्ट्रिय गैर

सरकारी संस्था, सांस्कृतिक-सामाजिक समूह जस्ताका गतिविधिले पनि हस्तक्षेप गरिरहन्छन् । जस्तै अन्तर्राष्ट्रिय दलित आन्दोलन, जनजाति सम्मेलनहरू, धार्मिक सम्मेलनहरू महिला तथा लैंगिक सवालका नियमहरूले नेपालको वर्गीय, जातीय, लिंगीय, प्रदेश क्रान्तिहरूमा प्रत्यक्ष-अप्रत्यक्ष भूमिका खेलेका छन् ।

**References**

Adhikari, S. (1998). Nepal ma Prajatantrik Andolan ko Itihas. New Delhi : Nirala Publication.

Calhoun, C. (1993). "New Social Movement of the Early Nineteenth Century." Social Science History, Duke University Press.

Chettri, G. & Raymajhi, R.C. (2060). Nepal ko Itihas. Kathamndu : Asia Publication.

Diani, M. (1992). "The Concept of Social Movement." The Sociological Review. Vol. 40. No.1.

Gusfield, Joseph, R. (1970). (ed.). Protest, Reform and Revolt : A Reader in Social Movement. New York.

Huntington, S.(1992). The Third Wave : Democratization in the Late Twentieth Century, Norman University.

Husain, A.(1970). British India Relations with the Kingdom of Nepal. London: George Alen an Anwin Limited, p. 36.

K.C., S. (2058). Nepal ma Communist Andolan ko Itihas. Kathmandu : Vidharthi Pustak Vandar.

Mahoney, J. & D. Rueschemeyer (ed.) (2003). Comparative Historical Analysis : Achievements and Agendas, New York.

Marx, K. & Engels, F. (1956). The Holy Family, Moscow.

Mishra, C. (2014). 'The Mahesh Chandra Regmi, Lecture-2014. What led to the 2006 Democratic Revolution in Nepal, 2015.

Sharma, B. (2008). Nepal ko Aitihaski Ruprekha. Baranashi, India.

Sharma, G. (2018). Nepal ko Prajatantra : Anubhav ra Abhyas, Macro-micro Perspective : A Comparative Historical Analysis. Term Paper, First Semester, SO 601, M.Phil, T.U.

Shin, D.C. (1994). On the third wave of Democratization : A Synthesis and Evaluation of recent theory and research. World Politic.

Skocpol, T. (1979). State and Social Revolutions : A Comparative Analysis of France, Russia and China, New York.